# कक्षा चारको मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्तिको गणना

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**
**राधा पौडेल**
**एम.एड. दोस्रो वर्ष**
**रोल नं. ५०६/२०५९-६१**
**त्रि.वि. दर्ता नं. ५७०-८९**
**परीक्षा रोल नं. २८०७३१/०६१**
**शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग**
**त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर**

## **शोधनिर्देशकको सिफारिस-पत्र**

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत "कक्षा ४ को मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना" शीर्षकको शोधपत्र शोधार्थी राधा पौडेलले मेरो निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्यसँग म पूर्ण सन्तुष्ट छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६४/१/ शोधनिर्देशक

........................................
डा. पारसमणि भण्डारी
प्राध्यापक, त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय,
कीर्तिपुर

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस, नेपाली शिक्षा विभागकी शोधार्थी राधा पौडेलले स्नातकोत्तर (एम.एड.) तहमा नेपाली विषयको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको "कक्षा ४ को मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना" शीर्षकको सोही प्रयोजनको निमित्त उपयुक्त ठहरिएकाले स्नातकोत्तर उपाधिका लागि स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क्रम संख्या | नाम | दस्तखत |
|---|---|---|
| १. | ........................................ | ........................... |
| २. | ........................................ | ........................... |
| ३. | ........................................ | ........................... |
| ४. | ........................................ | ........................... |

मितिः २०६४/१/

# कृतज्ञताज्ञापन

प्रस्तुत "कक्षा चारको मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्तिको गणना" शीर्षकको अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपाली पाठ्यक्रमको स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो । अध्ययनको रूपरेखा तयार गर्न देखि सामग्री सङ्कलन र विश्लेषणका क्रममा अध्ययनका लागि आवश्यक निर्देशन दिनुका साथै तत्सम्बन्धी कार्यमा लाग्दा देखापरेका कैयौं समस्या र अन्योलको स्थितिमा पनि उत्साहवर्द्धक सुझाव, हौसला र प्रेरणा दिई अध्ययनको अन्तिम समयसम्म पनि निरन्तर सहयोग पुऱ्याउने मेरा निर्देशक आदरणीय गुरु डा. श्री पारसमणि भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

साथै अध्ययनका क्रममा आवश्यक सामग्री महत्वपूर्ण सुझाव र जानकारी उपलब्ध गराएर सहयोग गर्ने गुरुहरू प्रा. भोजराज ढुङ्गेल, प्रा.डा. हेमाङ्गराज अधिकारी, सह प्रा. रामचन्द्र लम्साल तथा अन्य गुरुज्यूहरूप्रति पनि म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत अध्ययनका लागि विभिन्न सान्दर्भिक पुस्तक तथा शोधपत्रहरू उपलब्ध गराइदिने शिक्षा विभाग पुस्तकालय, करिकुलम रिसोर्स सेन्टर तथा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयप्रति पनि म त्यति नै आभारी छु ।

यसरी शोधपत्र तयार गर्न सहयोग गर्ने जीवनसाथी कृष्णप्रसाद आचार्य र छोरा मार्कोनी आचार्य साथै दाजु-भाउजु तथा भाइ-बुहारीको पनि ठूलो योगदान रहेको छ । उहाँहरूप्रति पनि म हृदयदेखि नै धन्यवाद व्यक्त गर्न चाहन्छु।

त्यस्तै प्रस्तुत शोधपत्र टाइप गरी सहयोग गर्ने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति पनि म हृदयदेखि नै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**राधा पौडेल**

# शोधसार

**शोधशीर्षक :** कक्षा ४ को "मेरो नेपाली किताब" मा प्रयुक्त शब्दहरुको आवृत्ति गणना

**शोधार्थी :** राधा पौडेल

**शोधनिर्देशक :** डा. पारसमणि भण्डारी

**विभाग/क्याम्पस :** नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर

**शैक्षिक वर्ष :** २०५९-६१ : पृष्ठसंख्या : १११+९; अध्याय आठ

प्रस्तुत शोधकार्य नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत गरिएको हो । यो शोधकार्य कक्षा ४ को "मेरो नेपाली किताब" मा प्रयुक्त शब्दहरू के-कस्ता छन् ? पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको आवृत्ति कसरी भएको छ ? उक्त पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूको स्रोत र पदवर्ग के-कस्तो छ ? पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरू सरल र जटिल के-कस्ता छन् ? भन्ने समस्यामा आधारित छ । उक्त समस्याको समाधानका लागि निम्न लिखित उद्देश्य निर्धारित गरिएका छन्-

"कक्षा चारको मेरो नेपाली किताब" मा प्रयुक्त शब्दहरूको स्रोत र पदवर्ग पहिल्याउनु, प्रयुक्त शब्दहरूको पाठगत विवरणको स्थिति देखाउनु र उक्त पुस्तकमा रहेका शब्दहरूको आवृत्ति गणना गर्नु ।

यो शोधकार्य शब्दभण्डारको आवृत्ति गणनामा विधिमा आधारित रहेको छ । उक्त पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरूलाई विधागत रुपमा वर्गीकरण गरी तिनको आवृत्ति संख्या निकाल्ने काम गरिएको छ ।

उक्त कक्षा चारको मेरो नेपाली किताबमा जम्मा १५७१ शब्दहरू रहेको पाइन्छ । आवृत्ति भएका शब्दहरू जम्मा ६६३ र आवृत्ति नभएका शब्दहरू जम्मा ९०८ रहेका छन् । पदवर्गका दृष्टिले हेर्दा नाम वर्गका शब्दहरू जम्मा ८४० (जम्मा शब्द सङ्ख्याको ५३.४६%), त्यसैगरी सर्वनाम जम्मा ४० (जम्मा शब्द संख्याको २.५४%), विशेषण जम्मा २८२ (जम्मा शब्द संख्याको १७.८५%), क्रिया विशेषण जम्मा ९८ (जम्मा शब्दसंख्याको ६.२३%), क्रिया जम्मा २२२ (जम्मा शब्दसंख्याको १४.१३%),

नामयो.गी जम्मा ४१ (जम्मा शब्द संख्याको ६०%), संयोजक जम्म १९ (जम्मा शब्द संख्याको १.२०% र निपात जम्म २९ (जम्मा शब्द संख्याको १.८४%) रहेका छन् ।

त्यसैगरी स्रोतका दृष्टिले सवभन्दा धेरै तद्भव शब्द जम्मा ९२९ (जम्मा शब्द संख्याको ५९.१३%), त्यसैगरी तत्सम शब्द जम्मा ४९६ (जम्मा शब्द संख्याको ३१.५७%), त्यसैगरी आगन्तुक शब्द जम्मा १३७ (जम्मा शब्द संख्याको ८.७२%) र अनुकरणमूल शब्द जम्मा ९ (जम्मा शब्द संख्याको ०.५७%) रहेका छन् र शून्य आवृत्ति देखि अधिकतम २५० (हुनु) पटक सम्म आवृत्ति भएका शब्दहरू उक्त पाठ्यपुस्तकमा रहेको देखिन्छ ।

# विषयसूची


| | पृष्ठ |
|---|---|
| **अध्याय-एक** : परिचय | १-१२ |
| **१.१ शोधशीर्षक** | १ |
| **१.२ शोधार्थी** | १ |
| **१.३ शोधप्रयोजन** | १ |
| **१.४ समस्याकथन** | १ |
| **१.५ अध्ययनको उद्देश्य** | १ |
| **१.६ पूर्वकार्यको विवरण** | १ |
| **१.७ अध्ययनको औचित्य र महत्त्व** | ८ |
| **१.८ शोधपत्रको सीमा** | ९ |
| **१.९ शोधअध्ययन विधि** | ९ |
| **१.१० अध्याय योजना** | १२ |
| **अध्याय- दुई** : सैद्धान्तिक अवधारणा | १३-१८ |
| **२.१ नेपाली भाषा** | १३ |
| **२.२ नेपाली भाषाको शब्दभण्डार** | १४ |
| **२.२.१ तत्सम शब्द** | १५ |
| **२.२.२ तद्भव शब्द** | १६ |
| **२.२.३ आगन्तुक शब्द** | १६ |
| **सारांश** | १८ |
| **अध्याय- तीन** : कविता विधामा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन | १९-३० |
| **३. परिचय** | १९ |
| **३.१ कविताका पाठमा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन** | १९ |
| **सारांश** | ३० |
| **अध्याय - चार** : कथा विधामा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन | ३१-५२ |
| **४. परिचय** | ३१ |
| **४.१ कथा पाठमा प्रयुक्त शब्दहरू र तिनको आवृत्तिको अध्ययन** | ३१ |
| **सारांश** | ५२ |

**अध्याय पाँच** : प्रबन्ध विधामा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन ५३-७३
**५. परिचय** ५३
**५.१ प्रबन्ध पाठमा प्रयुक्त शब्दहरू र तिनको आवृत्तिको अध्ययन** ५३
**सारांश** ७३
**अध्याय छ** : अन्य विधामा प्रयुक्त शब्दहरूको आवृत्तिको अध्ययन ७४-८५
**६. परिचय** ७४
**६.१ अन्य विधामा प्रयुक्त शब्दहरू र तिनको आवृत्तिको अध्ययन** ७४
**सारांश** ८५
**अध्याय-सात** : पाठ्यपुस्तकका सम्पूर्ण पाठमा प्रयुक्त समग्र शब्दहरूको विश्लेषण ८६-९२
**७.१ शब्दवर्गका दृष्टिले समग्र शब्दहरुको स्थिति** ८६
**७.१.१ नाम शब्दहरूको स्थिति** ८७
**७.१.२.सर्वनाम शब्दहरूको स्थिति** ८७
**७.१.३ विशेषण शब्दहरूको स्थिति** ८७
**७.१.४ क्रियाविशेषण शब्दहरूको स्थिति** ८८
**७.१.५ क्रिया शब्दहरूको स्थिति** ८८
**७.१.६ नामयोगी शब्दहरूको स्थिति** ८८
**७.१.७ संयोजक शब्दको स्थिति** ८८
**७.१.८ निपात शब्दहरूको स्थिति** ८९
**७.२ स्रोतका दृष्टिले समग्र शब्दहरूको स्थिति** ८९
**७.२.१ तद्भव शब्दहरुको स्थिति** ९०
**७.२.२.तत्सम शब्दहरूको स्थिति** ९०
**७.२.३ आगन्तुक शब्दहरूको स्थिति** ९०
**७.२.४ अनुकरणमूल** ९०
**७.३ सरलता र जटिलताका दृष्टिले शब्दहरूको अध्ययन** ९०
**सारांश** ९१
**अध्याय आठ** : उपसंहार ९३-९५
**८.१ उपसंहार** ९३
**८.२ सुझावहरू** ९४
**परिशिष्ट** ९६-१०९
सन्दर्भग्रन्थसूची ११०-१११

# सङ्केत सूची

| | |
|---|---|
| अमू | अनुकरण मूल |
| आ. | आवृत्ति |
| आ. | आगन्तुक |
| क्रि.यो | क्रियायोगी |
| तद् | तद्भव |
| तत्स | तत्सम |
| डा. | डाक्टर |
| ना.यो. | नामयोगी |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा. | प्राध्यापक |
| रोल नं. | रोल नम्बर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |